**<u>बैठकमा भएका छलफल तथा निर्णयहरु:</u>**

१) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको आ.व.२०७३/७४ को प्रथम चौमासिकको कार्यक्रमको योजना, अनुगमन, अनुसन्धान तथा मानव अधिकार महाशाखाका महाशाखा प्रमुख, सहसचिव श्री डिल्लीराज घिमिरज्यूले प्रगति विवरण प्रस्तुत गर्नुभयो। त्यसैगरी, नेपाल शान्ति कोष अन्तर्गत मन्त्रालयबाट संचालित कार्यक्रमको सम्बन्धमा मन्त्रालयका सहसचिव श्री साधुराम सापकोटाले, नेपाल कानून आयोगको तर्फबाट आयोगका सहसचिव श्री ईन्दिरा दहाल र न्याय सेवा तालिम केन्द्रको तर्फबाट शाखा अधिकृत श्री रमेश उपाध्यायले प्रगति विवरण प्रस्तुत गर्नुभयो।

२) आ.व.२०७३/७४ मा प्रथम चौमासिकमा लक्ष्य निर्धारण गरिएका अधिकांश कार्यक्रमहरु सम्पन्न गरिएको थियो। संलग्न प्रगति विवरणमा छलफल भएको।

३) राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्तुत गरी समाधान खोज्नुपर्ने कुनै समस्या नरहेको देखिएको।

४) मन्त्रालयका सचिव श्री टेकप्रसाद ढुङ्गानाज्यूले मन्त्रालयले ऐन, नियम तर्जुमा तथा सन्धि सम्झौताका सम्बन्धमा रायको विषयमा अतिरिक्त चालू बजेटको कार्यक्रम बजेट अन्तर्गत सम्पन्न गर्ने लक्ष्य राखिएका कार्यक्रमहरुको मात्र समीक्षा गरिएको भन्दै पहिलो चौमासिकको भौतिक प्रगति सन्तोषजनक नभएको र आगामी दिनमा लक्ष्य बमोजिमका कार्यक्रम सम्पन्न गर्न तथा मन्त्रालयमा नै हुने गरेका विभिन्न विधेयकका छलफल, अन्तरक्रियाहरुको समेत अभिलेख राख्न निर्देशन दिनुभयो।

५) कार्यक्रमको अन्त्यमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय शंकर नायकज्यूले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय आफैंमा संवेदनशील मन्त्रालय भएको र हरेक मन्त्रालयबाट निर्माण हुने कानून यससँग सम्बन्धित हुने हुँदा कुन मन्त्रालयले कुन विषयमा कानून बनाउनुपर्ने हो (संविधान कार्यान्वयनसँग सम्बन्धित) सो बारेमा विभिन्न सञ्चार माध्यमहरुबाट प्रचारप्रसार भएमा यसबाट संविधान कार्यान्वयनले थप गति लिने हुँदा यस्तो प्रचारप्रसारलाई प्राथमिकताका साथ संचलान गर्न, नेपाल कानून आयोगले पनि आफूले कानून निर्माणमा गरिरहेको अध्ययन, अनुसन्धान सम्बन्धमा नियमित प्रचारप्रसार गर्न, सञ्चार माध्यमको परिचालन गर्न र मन्त्रालयले तय गरेका कार्यक्रमहरुलाई लक्ष्य बमोजिम सम्पन्न गर्न आवश्यक समन्वय गरी पारदर्शी ढंगले कामकारवाही संचालन गर्न निर्देशन दिनुभयो।